# फाकफोकथुम राजपत्र

# फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः १०* *संख्याः २* *मितिः २०८२/०३/३२*


## भाग-१

## फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

## फाकफोकथुम गाउँपालिकाको विनियोजन ऐन, २०८२ लाई संसोधनगर्न बनेको विनियोजन (प्रथम संसोधन) ऐन, २०८३

१. **प्रस्तावनाः** फाकफोकथुम गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट थप रकम सहित केही रकम खर्च गर्ने अधिकार दिने र "फाकफोकथुम गाउँपालिका विनियोजन ऐन, २०८२" संसोधन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम फाकफोकथुम गाउँसभाले यो ऐन बनाएको छ ।

२. **मूल ऐनको दफा २ मा संसोधनः** मूल ऐनेको दफा २ (१) मा आर्थिक वर्ष २०८१/८२ को निमित्त फाकफोकथुम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय एवं विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ५६,४९,८६,५७३।- (अक्षरेपी छपन्न करोड उनन्चास लाख छयासी हजार पाँच सय त्रिहत्तर) को सट्टा रु. ५४,९०,१४,५५०.६७ (अक्षरेपी चौवन्न

करोड नब्बे लाख चौध हजार हजार पाँच सय पचास पैसा सडसठ्ठी मात्र) कायम गरिएको छ ।

३. **<u>मूल ऐनको अनुसूची-१ र अनुसूची-२ मा संसोधनः</u>** मूल ऐनको अनुसूची-१ र अनुसूची-२ को सट्टा देहाय बमोजिमको अनुसूँची-१ र अनुसूची-२ कायम गरिएको छ ।

## अनुसूची-१

### (दफा ३ सँग सम्बन्धित)

### सञ्चित कोषबाट बिनियोजन हुने रकम

| क्र सं. | शीर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | ९४०६३२५० | ७६३४७४२८.६७ | १७०४१६७८.६७ |
| २. | वडा विकास कार्यक्रम | १६१८३९१० | ११०९०००० | २७२७३९१० |
| ३. | शसर्त अनुदान नेपाल सरकार | २३९५४०००० | ३१७१७५०० | २७१२५७५०० |
| ४. | विशेष अनुदान नेपाल सरकार | ० | ६९००००० | ६९००००० |
| ५. | समपुरक अनुदान संघीय सरकार | ० | ३५८३६११९ | २५८३६११९ |
| ६. | शसर्त अनुदान प्रदेश सरकार | ६८००००० | १२९०१००० | १९७०१००० |
| ७. | समपुरक अनुदान प्रदेश सरकार | ० | १२५९९४१३ | १२५९९४१३ |
| ८. | जनसहभागिता | ५०३५९३० | ० | ५०३५९३० |
| | जम्मा | | | **५४९०१४५५०.६७** |

अनसूचि-२

(दफा ३ सँग सम्बन्धित)

संचित कोषबाट विनियोजन हुने रकम

| क्र सं. | शीर्षकको नाम | रकम |
|---|---|---|
| १. | सङ्घीय समानीकरण अनुदान | ८७३३४७५० |
| २. | प्रदेश समानिकरण अनुदान | ८६७५००० |
| ३. | संघीय/प्रदेश राजश्व बाँडफाँड | ८४१६१४८२.०६ |
| ४. | सशर्त अनुदान नेपाल सरकार पुँजीगत | ३१७१७५०० |
| ५. | सशर्त अनुदान नेपाल सरकार चालु | २३९५४०००० |
| ६. | विशेष अनुदान नेपाल सरकार | ६९००००० |
| ७. | समपुरक अनुदान नेपाल सरकार | ३५८३६११९ |
| ८. | सशर्त अनुदान प्रदेश सरकार चालु | ६८००००० |
| ९. | सशर्त अनुदान प्रदेश सरकार पुँजीगत | १२९०१००० |
| १०. | समपुरक अनुदान प्रदेश सरकार | १२५९९४१३ |
| ११. | गत आवको नगद मौज्दात र आन्ततरिक श्रोत (अनुमानित) | १७५१३३५६.६१ |
| १२. | जनसहभागिता | ५०३५९३० |
| जम्मा | | ५४९०१४५५०.६७ |

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)